# <u>आगामी आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम</u>

सातौं गाँउसभामा अध्यक्ष श्री कुश बहादुर थेवे ज्यूबाट प्रस्तुत आर्थिक बर्ष २०७९/०८०को

वार्षिक नीति तथा कार्यक्रम

**आर्थिक वर्ष २०७९/०८०को वार्षिक नीति तथा कार्यक्रम**

आदरणीय गाँउ सभा सदस्य ज्यू हरु,

माईजोगमाई गाँउपालिकाको आर्थिक वर्ष २०७९/०८०को वार्षिक नीति तथा कार्यक्रम यहाँहरु समक्ष पेश गर्न पाउँदा मलाई खुसी लागेको छ ।

नेपालको संविधानले अवलम्वन गरेको संघीय शासन प्रणाली कार्यान्वयन गर्ने क्रममा धेरै कुरा प्रष्ट नभई सकेको अवस्थामा यस माईजोगमाई गाँउपालिकाको नीति तथा कार्यक्रम गाँउ कार्यपालिकाको निर्णय बमोजिम प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित भएको छु ।

यस अवसरमा म विभिन्न कालखण्डमा जनताको अधिकार प्राप्तिको आन्दोलनहरुमा सहादत प्राप्त गर्नु हुने ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्ली अर्पण गर्दछु ।

स्थानीय तहको निर्वाचनले एकातिर सार्वभौम नागरिकलाई निर्वाचित जनप्रतिनिधीहरु मार्फत राज्य शक्तिको प्रयोग गर्ने अवसर प्रदान गरेको छ भने अर्को तिर संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थालाई संस्थागत गर्ने मार्ग प्रशस्त गरेको छ ।

संवैधानिक व्यवस्था बमोजिम जनताको नजिकका सरकारको रुपमा रहेको स्थानीय तहका अधिकार क्षेत्रको प्रयोग गर्दै जनअपेक्षा अनुरुप दिगो शान्ति, स्थायित्व, विकास र सम्वृद्धिको गन्तव्य हासिल गर्ने चरणमा हामी प्रवेश गरेका छौं । यस बीचमा स्थानीय निकायको स्वरुपलाई संविधान प्रदत स्थानीय तहको व्यापक क्षेत्राधिकार भएको बलियो स्थानीय सरकारको रुपमा रुपान्तरण गर्ने प्रक्रियालाई संगसंगै र सावधानीपूर्वक अघि बढाउनु परेको छ ।

जनताको लामो समयको संघर्ष पछि प्राप्त लोकतान्त्रिक संघीय गणतन्त्रात्मक व्यवस्थाको सफल र व्यवहारिक कार्यान्वयनको जटिल र चुनौतिपूर्ण मोडमा छौं । त्यस अर्थमा अलिकति असावधानीले पनि निकै ठूलो क्षति व्यहोर्नु पर्ने अवस्था आउन सक्ने विषयलाई हामीले गम्भीरता पूर्वक लिंदै आफ्ना कदमहरु अघि बढाउनु परेको छ ।

माननीय सदस्य ज्यूहरु,

आज विश्वभर कोरोना (कोभिड १९) महामारीको भयावह अवस्थाले मुख्यगरी स्वास्थ्य, शिक्षा र न्याय अत्यन्तै प्रभावित भएको छ। संसारभर उद्योग पेशाव्यवासाय चौपट भएको छ । गरिब, नियमित श्रम गरी छाक टार्ने समुदाय अत्यन्तै चपेटामा परेका छन् । रोजगारी सिर्जना हुने उत्पादन क्षेत्र बजार तथा सेवा क्षेत्रहरु अस्तव्यस्त छन् । वैदेशिक रोजगारीको क्षेत्र दिन प्रतिदिन जोखिममा परेको छ ।महामारीका कारण मानिसमा अभाव, चिन्ता, त्रास, सामजिक असुरक्षा बढेकोकारण मनोसामजिक समस्या बढेको छ । न्याय प्राप्तीका लागि कठिनाइ बन्दै गएका छन् । राजश्व असुली र सरकारको आन्तरिक तथा वाह्यक्षेत्रबाट आउने श्रोतहरु को सुनिश्चितता हुन सकेको छैन ।विकास आयोजना तथा क्षमता विकासको कार्याक्रम कार्यन्वयनमा  चुनौति थपिएको छ

यिनै विषय वस्तुको पृष्ठ भूमिमा माईजोगमाई गाँउपालिकाको आगामी आर्थिक वर्ष २०७९/०८०को वार्षिक गाँउपालिका विकास नीति तथा कार्यक्रम तयार गरिएको छ ।

अव म आगामी आर्थिक वर्ष २०७९/०८०को वार्षिक गाँउपालिका विकास नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## नीति तथा कार्यक्रम

### १. कृषि तथा पशुपन्छी विकास नीति :

- माईजोगमाई गाँउपालिकाको ६ वटै वडामा भू–उपयोग नीति अनुसार एक गाउँ एक उत्पादन कार्यक्रम सञ्चालन गर्न विभिन्न संघ संस्थासँग समन्वय गरी आवश्यक प्राविधिक तालिम प्रदान गरिनेछ ।
- यस गाँउपालिका भित्र उत्पादन भएका तरकारी तथा फलफुलजन्य, दुग्धजन्य तथा मासुजन्य उपजको सम्बन्धित व्यवसायी सँग समन्वय गरी संकलन, प्रशोधन तथा ब्राण्डिङ्ग गरी बजारीकरण गरिनेछ । साथै आधुनिक कोल्ड स्टोर स्थापनाको लागि पहल गरिनेछ ।
- तरकारी खेती, मत्स्यपालन, पुष्प व्यवसाय, मौरीपालन तथा च्याउ खेती लगायतमा युवाहरुलाई आकर्षित गर्न युवा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।
- सुख्खा क्षेत्रको रुपमा चिनिएको यस गाँउपालिकाको विभिन्न क्षेत्रलाई सिंचाइको व्यवस्था मिलाउनको लागि जोगमाई, माई, सोयाङ खोला लगायतका सबै सम्भावना भएका खोलाहरुमा बाँध निर्माण गरिनुका साथै आकाशे पानी संकलनको लागि प्लास्टीक पोखरी, स्थायी पोखरीआदिको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइने नीति अवलम्बन गरिने छ ।
- एक वडा एक पशु स्वास्थ्य प्राविधिक तथा एक वडा एक कृषी प्राविधिक व्यबस्था गरि सम्बन्धित कार्यक्रमलाई पशुपन्छी पालक, समुह र सहकारीसँग आवद्ध गरी व्यवसायिक पशु स्वास्थ्य सेवा उपलब्ध गराउन पहल गरिनेछ ।
- पशु विमा कार्यक्रमलाई विशेष प्राथमिकता साथ संचालन गर्न तालिम प्रदान गरिने छ।आगामी तिन वर्ष भित्र सम्पूर्ण कृषकहरुलाई व्यबसायिक बनाई मासु, अण्डा तरकारी र कृषिजन्य उत्पादनमा आत्मनिर्भर उन्मुख बनाइनेछ ।
- उद्यमी तथा बैदेशिक रोजगारबाट सम्बन्धित क्षेत्रमा अनुभव हासिल गरी फर्किएका कृषि तथा पर्यटन विकासमा लगानी गर्न चाहने व्यक्ति वा समुहहरुको प्रस्तावना हेरि म्याचिङ्ग अनुदानको व्यवस्था गरिनेछ ।
- असंगठित किसानहरु र कमजोर आय भएका किसानहरुलाई मिनिकिट, बिउबिजन र प्राविधिक सेवा उपलब्ध गराइनेछ ।
- अर्ग्यानिक उप्पादनका लागि जैविक मल तथा औषधी बनाउने तालिम प्रदान गरिने छ ।
- कृषि तथा पशु पकेट क्षेत्र निर्धारण गरी आयोजना संचालन गर्न प्राथमिकता दिइने छ ।

### २. वातावरण संरक्षण नीतिः

- पालिकाको प्रमुख राजमार्गको क्षेत्राधिकार भित्र ग्रिन बेल्ट घोषणा गरी वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ ।
- जलवायु परिवर्तनलाई न्यूनिकरण गर्न सामुदायिक वन तथा समुदायको सहयोगमा एक वडा एक नर्सरी तथा एक वडा एक पोखरी कार्यक्रम क्रमशः सञ्चालन गरिनेछ ।
- चौतारा, पोखरी, खानेपानीको मुल संरक्षण लगायतका वातावरणमैत्री स्थानीय शासन प्रारुपका सूचकहरु प्रवर्धन गरिनेछ ।
- गाँउपालिकाबाट सञ्चालन गरिने पूर्वाधार निर्माणका कार्यहरुलाई वातावरण संरक्षणसँग आबद्ध गरिनेछ ।
- विभिन्न क्षेत्रसँगको सहकार्यमा वातावरणमैत्री कार्यक्रमहरु संचालन गरिनेछ ।
- वनलाई वातावरण संरक्षण सँगसँगै आय आर्जनसँग जोडेर सदुपयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
- नदी, खोल्सा किनाराको दुवै तर्फको २० मिटर भूमिमा रुख तथा बोटविरुवा लगाउने नीति अवलम्बन गरिनेछ ।
- एक रुख कटानी गरेबापत कटानी गर्ने गराउनेले कम्तीमा दुई विरुवा हुर्काउनु पर्ने नीति अवलम्बन गरिनेछ ।
- विभिन्न स्थानमा रहेको सार्वजनिक जमिनमा जडिबुटी प्रजातिका बिरुवा लगाई बोटानिकल गार्डेनको रुपमा विकास गरिनेछ ।
- एक गाँउ एक उद्यान कार्यक्रमलाई वडा वडासम्म विस्तार गर्न वडा समितिहरुलाई प्रोत्साहित गरिनेछ ।
- सडक छेउका उपयुक्त स्थलमा स–साना उद्यान (बगैंचा) निर्माण गर्ने गराउने नीति अवलम्बन गरिनेछ ।
- गाँउपालिका भित्र हुने भू–स्खलन, बाढी, आगलागी, भुकम्प आदि जस्ता प्राकृतिक विपत्ति र अन्य कृतिम विपत्तिबाट तुरुन्त राहतका कार्यक्रम गर्न गाँउपालिका, नेपाल प्रहरी, नेपाली सेना लगायत विभिन्न संघसंस्थाहरुसंग समन्वय गरी कार्यान्वयन गरिनेछ ।
- गाँउपालिका भित्र उपयुक्त स्थान पहिचान गरी कृतिम ताल निर्माण गरिनेछ ।
- दुर्लभ वन्यजन्तु संरक्षणका लागि प्राथमिकताका साथ संरक्षणका कार्यक्रमहरु संचालन गरिनेछ ।
- गाँउपालिका र वडाहरुका व्यस्त क्षेत्र भित्र उपयुक्त स्थान छनोट गरी सार्वजनिक शौचालयको व्यवस्था गरिनेछ ।

### ३. विपद व्यवस्थापन नीतिः

- प्राकृतिक वा मानवीय कुनैपनि कारणबाट हुन सक्ने विपदबाट बच्न बचाउन सचेतना कार्यक्रम संचालन, समुदायमा आधारित सहयोग टोली टोलबस्ती स्तरमा निर्माण तथा परिचालन गरिने छ ।
- विपदबाट हुने क्षति कम गर्न आवश्यक पर्ने न्यूनतम यन्त्र, साधन तथा औजारहरुको उचित व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।
- विपद् उद्धारमा सबैभन्दा पहिला पुग्ने सुरक्षा निकायहरुलाई उद्धारका लागि आवश्यक सामग्रीयुक्त बनाउने नीति अवलम्बन गरिनेछ ।
- आकस्मिक सेवाका सवारी साधनहरु जस्तै एम्बुलेन्स तथा वारुणयन्त्र सेवा सञ्चालन गरिनेछ ।
- गाँउपालिकाद्वारा संचालित विपद् व्यवस्थापन कोष व्यवस्थित गर्दै विपद व्यवस्थापन केन्द्र स्थापना गरी कार्यान्वयन गरिनेछ ।
- वडा स्तरीय विपद् व्यवस्थापन समिति र गाँउपालिका स्तरीय विपद् व्यवस्थापन समिति गठन गरी स्रोत साधनयुक्त बनाउन पहल गरिने छ ।
- विपद उद्धार तथा राहतमा सहजताको लागि यस पालिकामा हेलीप्याड निर्माण गर्न पहल गरिने छ ।
- दैवि प्रकोप, महामारी र विपदमा परेका नागरिकहरुलाई अस्थायी आवास पुनःस्थापनामा यथोचित सहयोग उपलब्ध गराउने नीति अवलम्वन गरिनेछ।

## ४. फोहरमैला तथा सरसफाई सम्बन्धी नीति :

- फोहरमैला उत्पादन न्यून गर्ने, त्यसलाई पूनः प्रयोग गर्ने कार्यलाई व्यवहारमा अवलम्बन गर्न सरोकारवालाहरुको सहयोग र सहभागितामा सीपमुलक र सचेतनामुलक कार्यक्रम संचालन गर्ने गराउने नीति लिइनेछ ।
- वडास्तरमा उत्पादन हुने फोहर वडास्तरमा संकलन केन्द्रमै प्रकृति अनुसार छुट्याउने व्यवस्था मिलाउन वडा समितिहरुलाई प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ ।
- फोहरमैला प्रशोधन तथा व्यवस्थापन केन्द्रको निर्माण तथा संचालन गर्न पहल गरिनेछ ।
- एक वडा एक वातावरणमैत्री पार्क तथा एक वडा एक ल्याण्डफिल्ड साइट निर्माण गर्ने नीति लिइनेछ ।
- माईजोगमाई गाँउपालिका क्षेत्रलाई पूर्ण सरसफाई क्षेत्र घोषणा गर्न सामाजिक परिचालन गर्ने तथा सार्वजनिक स्थलहरुमा स्थानीय समुदायबाटै व्यवस्थापन हुने गरी शौचालयहरु निर्माण गर्ने गराउने नीति लिइने छ ।

## ५. भौतिक तथा पूर्वाधार विकास नीति :

- समुन्नतिको सबैभन्दा ठूलो आधारको रुपमा रहेको भौतिक पूर्वाधार क्षेत्रको एकीकृत र व्यवस्थित विकासका लागि कम्तीमा पनि २० वर्षे दीर्घकालीन सोचका साथ एकीकृत गाँउपालिका विकास योजना निर्माण गरी सोहि आधारमा वार्षिक गाँउपालिका विकास योजना निर्माण कार्यान्वयन गर्ने नीति लिइने छ ।
- निर्मित पूर्वाधारहरुको नियमित मर्मतसम्भार, सञ्चालन, संरक्षण एवं सम्वर्धन गर्न निजी क्षेत्र तथा सामुदायिक सहकारी क्षेत्र र उपभोक्ता समितिहरुलाई प्रोत्साहित गर्ने नीति लिइनेछ ।
- भौतिक पूर्वाधार निर्माणलाई स्थानीय गाँउवासीहरुको दिन चर्यालाई सहज बनाउने तथा आर्थिक आयआर्जनसँग जोड्दै समृद्धितर्फ उन्मुख गरिने नीति लिइनेछ ।
- बढि भन्दा बढि जनसहभागिता जुट्ने योजनाहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
- भौतिक पूर्वाधार निर्माण कार्यक्रम अन्तर्गत सञ्चालन हुने भौतिक पूर्वाधारका योजनाहरुमा वडा स्तरमा ४ लाख र गाँउपालिका स्तरमा ५ लाख भन्दा कम लागतको कार्यक्रम सञ्चालन गर्न निरुत्साहित गरिनेछ ।
- भौतिक पूर्वाधार निर्माणमा जनपरिचालन गरी रोजगारीको अवसर सिर्जना गर्ने नीति लिइने छ ।

## ६. सडक तथा यातायात तर्फ :

- गाँउपालिकास्तरीय गौरबको योजना तथा ग्रामिण सडकको डिपिआर र गुरुयोजना निर्माण गरि बाह्रै महिना सञ्चालन हुन सक्ने बनाइनेछ ।
- वडा कार्यालयबाट गाँउपालिकासम्म जोड्ने सडकलाई सडकको मापदण्ड अनुसार बाह्रै महिना सवारी साधन चल्न सक्ने बनाउन प्राथमिकता दिइनेछ ।
- सडक निर्माण गर्दा नयाँ ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गर्दै भइरहेका सडकहरुलाई स्वीकृत मापदण्डका आधारमा स्तरोन्नतिमा जोड दिइनेछ ।
- हाल सञ्चालनमा रहेका DPR नबनेका सडकहरु प्राविधिक (इन्जिनियरिङ) दृष्टिबाट उपयुक्त भए नभएको एकीन गरी आवश्यक स्थानमा मात्र सुधार गर्नेगरी थप लगानी कार्य गरिनेछ । ठुला योजना संचालन गर्दा नेपाल सरकारको नितिबमोजिम मेशीनरी सामान प्रयोग गर्न निरुत्साहित गरिने छ ।
- सबै वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्थाहरु देखि गाँउपालिका कार्यालयसँग जोडिएका सडकहरुको स्तरोन्नती गरी बाह्रैमास चल्ने बनाइने छ । साथै नयाँ ट्र्याकहरुमा नाली निर्माण अनिवार्य गर्दै लगिने छ ।
- प्रमुख सडकहरु सँग जोडिएको स्थान विन्दुमा यात्रु प्रतिक्षालय निर्माण गरिनेछ ।

## ७. खानेपानी तथा सरसफाई नीतिः

- स्थानीय स्तरमा रहेका पानीका मुहानहरुको संरक्षण सम्वद्र्धन र प्रयोग गर्ने तथा टोल बस्तीका पानीका परम्परागत मुहानहरुलाई स्वच्छ र सफा राख्न प्रत्येक वडा समितिको अगुवाईमा टोल विकास संस्था, सामुदायिक संघ संस्था तथा समुदाय परिचालन गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिकाभरी खानेपानी व्यवस्थित गर्नका लागि उपयुक्तताका आधारमा खानेपानी, सिँचाइ, पशुपालन र जल विधुत आदि परियोजनाहरु संचाल गरिनेछन् ।
- घरघरमा आकाशेपानी संकलनका लागि प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ ।
- खानेपानी मुहानको २० मिटर वरपर कुनैपनि किसिमको रुख, बिरुवा काट्न हटाउन नपाउने गरी समुदायकै सहयोगमा कडाईका साथ पालना गर्ने गराउने नीति अवलम्बन गरिनेछ ।
- समुदायले प्रयोग गरीरहेको खानेपानीको मुहान (जमिन माथि र जमिन मुनि दुवै) कसैको नम्बरी आवादी भित्र नै पर्ने रहेछ भने गाँउ कार्यपालिका र वडा समितिसँग वैकल्पिक व्यवस्था नगरी स्वीकृति नलिई मास्न वा निषेध गर्न पूर्ण प्रतिबन्ध लगाइनेछ ।
- सञ्चालनमा रहेका खानेपानी योजनाहरुको दिगो सञ्चालन, मर्मत सम्भार, क्षमता अभिवृद्धि तथा पुनः निर्माण जस्ता कार्य उपभोक्ताहरुको समेत लगानी तथा सहभागितामा सञ्चालन गरी गराई आधारभूत खानेपानी सेवाको सुनिश्चितता गर्न र खानेपानी सेवा नपुगेका टोलबस्तीमा खानेपानी सेवा पुर्याउने कार्यका लागि सम्बन्धित निकाय, संघ संस्थाहरुको साझेदारीमा योजना तथा कार्यक्रम सञ्चालन गरिने छ ।
- यस गाँउपालिकाको उच्च सम्भाव्य खाने पानीको मुहान क्षेत्रलाई पानीको संरक्षित उद्गम तथा संरक्षित क्षेत्रको रुपमा संरक्षण, सम्बद्र्धन र विकास गर्न विज्ञहरु मार्फत सम्भाव्यता अध्ययन गराइ एकिकृत गुरुयोजना निर्माण गरी क्रमशः कार्यान्वयन गर्ने गराउने नीति अवलम्बन गरिनेछ ।
- गाँउपालिका क्षेत्र भित्र पर्याप्त खानेपानीको व्यवस्थाको लागि विस्तृत परियोजना प्रतिवेदन DPR तयार गरी खानेपानीका आयोजनाहरुलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

## ८. विद्युतिय तथा वैकल्पिक उर्जा सम्वन्धी नीतिः

- हालसम्म पनि विद्युत सेवा नपुगेका टोल बस्तीहरु मा विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युतीकरण गरिनेछ ।
- टोल, बस्ती घरहरुमा उज्यालो बनाउन सरकारी र गैरसरकारी संघ संस्थाहरु साथै सरोकारवालाहरुको समेत सहभागितामा वैकल्पिक उर्जा (सौर्य उर्जा) को विस्तार गरिनेछ ।
- तीन वर्षभित्र प्रत्येक गाँउपालिकावासीको घरघरमा उज्यालोको लागि प्रयोग गरिने परम्परागत साधन (टुकी, मैनबत्ती र दियालो आदि) प्रतिस्थापन गर्न विशेष जोड दिईने छ ।
- पर्यटकीय क्षेत्र, सार्वजनिक महत्वका भवन तथा स्थान, बजार क्षेत्रभित्रका टोलबस्ती समुदायको साझेदारीमा सौर्य सडक बत्ती जडान गर्ने नीति अवलम्बन गरिनेछ ।
- विद्युत प्राधिकरणसँग समन्वय गरी गाँउपालिकावासीहरुले गाँउपालिका केन्द्रबाट विद्युत महशुल बुझाउन सक्ने अवस्था श्रृजना गर्न पहल गरिनेछ ।

## ९. बस्ती विकास तथा भूकम्प प्रतिरोधी भवन निर्माण नीतिः

- राष्ट्रिय भू–उपयोग नीतिका आधारमा कम्तीमा २० वर्षे दीर्घकालीन सोच सहित राष्ट्रिय सहरी विकास नीतिभित्र रही बस्ती विकासको कार्यक्रम सञ्चालन गर्ने गराउने नीति अवलम्बन गरिनेछ ।
- गाँउपालिकाको क्षेत्रभित्र निर्माण हुने निजी, सामुदायिक लगायतका सबै किसिमका भवन निर्माणका लागि भवन निर्माण मापदण्ड तथा नक्सापास कार्यविधि पूर्ण पालना गरी गराई भूकम्प प्रतिरोधी भवन निर्माण गर्ने गराउने नीति कडाईका साथ पालना गर्ने गराइने छ ।
- भवन निर्माण मापदण्ड लागु हुनुभन्दा अगाडि निर्माण भएका घरहरुलाई भवन निर्माण मापदण्डमा उल्लेख भएको व्यवस्था अनुसार घर अभिलेखीकरण कार्य अभियानको रुपमा सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।
- घर निर्माण गर्दा अनियन्त्रित रुपले पहाड खार्ने प्रवृतिलाई निरुत्साहित गर्दै त्यसबाट हुने क्षतिको बारेमा सचेनता कार्यक्रमहरु संचालन गरिने छ ।
- गाँउपालिका क्षेत्र भित्र रहेका हरेक घरधुरीहरुलाई संकेत नम्बरको कार्यान्वयन गरिने छ ।
- प्रत्येक वडामा रहेका सार्वजनिक जग्गा, कुलो बाँध, वनक्षेत्र एकिन गरी उचित संरक्षण र सदुपयोग गरिनेछ ।
- माईबेनी, मेग्मा गुम्बा, बालागुरु शिवालय मन्दिर, शाङछोलिङ गुम्बा, प्याङ गुम्बा लगायतका एतिहासिक पुरात्वतिक सम्पदा बस्तीहरु पुनःउथान कार्यक्रम संचालनको लागि संघीय सरकारसँग अनुरोध गरिनेछ ।
- पुरातात्विक तथा सांस्कृतिक महत्वका मठ मन्दिर, पाटी पौवा, बिहार गुम्बा लगायतको संरक्षणका लागि पहल गर्ने निति अवलम्बन गर्ने छ ।

## १०. शिक्षा, युवा तथा खेलकुद नीतिः

- गाँउपालिका भित्रका कुनैपनि बालबालिका गरिवीका कारण कम्तीमा आधारभूत तह सम्मको शिक्षा प्राप्त गर्ने अवसरबाट वञ्चित हुनु नपर्ने नीति अवलम्बन गरिनेछ ।
- गाँउभित्रका सम्पूर्ण विद्यालयहरुमा सुविधा सम्पन्न पूर्वाधार सहित निशुल्क एवं अंग्रेजी माध्ययमको शिक्षाको व्यवस्था गर्दै जाने नीति लिइनेछ ।
- शिक्षकहरुलाई सूचना तथा प्रविधि सम्बन्धी तालिम तथा प्रशिक्षणको व्यवस्था गरिनेछ ।
- विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री, छात्रामैत्री तथा विपद (भुकम्प) प्रतिरोधी भौतिक पूर्वाधार विकास गर्दै लगिनेछ ।
- विद्यालय तथा शिक्षकहरुलाई सिकाइ उपलब्धीका आधारमा प्रतिस्पर्धाको वातावरण, पुरस्कार वा दण्डको नीति अवलम्बन गरिनेछ ।
- प्राविधिक तथा स्वरोजगार जनशक्ति उत्पादन गर्न गाँउपालिका भित्र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम दिने विद्यालय तथा शिक्षालय सञ्चालन गरिनेछ ।
- विपन्न, सिमान्तिकृत, अनाथ, विचैमा कक्षा छाडेका (drop out) बालबालिकालाई विद्यालयमा ल्याई पठन पाठनको व्यवस्था गरिनेछ ।
- विद्यालयहरुमा डिजिटल ग्याप न्यूनीकरण गर्न सूचना प्रविधिको प्रयोग गरी पठनपाठनको व्यवस्था गर्न पहल गरिनेछ ।
- विद्यालयहरुको संस्थागत क्षमता विकास गरी पारदर्शिता, उत्तरदायित्व र जवाफदेहिता प्रवद्र्धन गर्न नियमित विद्यालय अनुगमन तथा सुपरिवेक्षण कार्य प्रभावकारी बनाइनेछ ।
- विद्यालय नक्सांकन, दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्य प्रारम्भ गर्न पहल गरिनेछ ।
- विद्यालय शिक्षामा पहुँच, गुणस्तर र समन्वयिकता स्थापित गर्न गैर सरकारी संस्था, निजी क्षेत्र, नागरिक समाज आदि सँग सहकार्य र साझेदारीमा विविध कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय कला र संस्कृतिको संरक्षण र विकास गरिनेछ । आधारभूत तहसम्मका लागि गाउँपालिकाको सामाजिक, आर्थिक, सांस्कृतिक, समस्या र सम्भावनालाई समेटी स्थानीय स्तरको नगदेबाली, स्थानीय भाषा, संस्कार, संस्कृति समेत समावेश भएको पाठ्यक्रम द्वारा पठनपाठन गराउने नीति अवलम्बन गरिनेछ ।
- हिंसापिडित, बहिस्कृत र फरक क्षमता भएका व्यक्तिहरुलाई प्राविधिक शिक्षा अध्ययन गर्ने व्यवस्था मिलाउने नीति लिइनेछ ।
- खेलकुदको समुचित विकास गर्न आवश्यकता अनुसार गाँउपालिका खेलकुद समिति वा गाँउपालिकास्तरीय खेलकुद परिषद् गठन गरी पूर्वाधारको निर्माण तथा टोल, वडा र गाँउपालिकास्तरीय खेलकुद प्रतियोगिता संचालन गर्ने नीति अवलम्वन गरिनेछ ।
- गाँउपालिका स्तरीय खेलकुद विकासका लागि आवश्यक पूर्वाधार विकास अन्तर्गत बहुउद्देश्यीय कभर्डहल निर्माणकार्य प्रारम्भ गर्न संघिय र प्रादेशिक सरकारसँग विशेष पहल गरिनेछ ।
- विभिन्न अवसरहरुमा गाँउपालिका भित्र रहेका विद्यालय, क्लब, संघसंस्थाहरु बीच बार्षिक र अर्धवार्षिक रुपमा गाँउपालिका स्तरीय खेलकुदको आयोजना गरिनेछ ।

- गाँउपालिका स्तरीय युवा परिषद गठन गरी युवा स्वरोजगार, सशक्तिकरण तथा सामाजिक उत्तरदायित्व बोध गराउने नीति अबलम्बन गरिनेछ ।
- आवश्यकता अनुसार हरेक वडामा खेलकुद मैदान निर्माण गर्ने नीति अबलम्बन गरिनेछ ।

## ११. स्वास्थ्य सम्बन्धी नीतिः।

- मातृ तथा शिशु स्थास्थ्यको अवस्थालाई सुद्दढ गर्दै नियमित गर्भजाँच, सुत्केरी जाँच तथा स्वास्थ्य केन्द्रमा सत प्रतिशत प्रसुती गराउने अभियानमा जोड दिइनेछ । चौविसै घण्टा सुत्केरी सेवा केन्द्रलाई निरन्तरता दिइनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमलाई अझै प्रभावकारी बनाउँदै टोलटोलमा स्वास्थ्य आमा समूहको बैठक सञ्चालन, बच्चाको तौल अनुगमन र बाल पोषण कार्यक्रमलाई प्रभावकारी कार्यन्वयन गरिनेछ । साथै स्वास्थ्य स्वयमसेवीकाको प्रोत्साहन भत्ता वृद्धि गरिने छ ।
- गाउँघर क्लिनिक तथा खोप क्लिनिकको सेवालाई नियमित, प्रभावकारी, सहभागितात्मक एवं गुणस्तरीय बनाउँदै आवश्यक फर्निचर तथा औजार उपकरणको व्यवस्था गर्दै लगिनेछ ।
- ग्रामिण स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, अस्पतालहरुको सेवालाई सुद्दढीकरण गर्दै गुणस्तरीय र प्रभावकारी सेवा सञ्चालन गर्न आवश्यक वातावरण बनाउँदै लगिनेछ ।
- नियमित रुपमा स्वास्थ्य संस्थाको अनुगमन तथा सहयोगात्मक सुपरिवेक्षण गरीनेछ । उत्कृष्ट स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीलाई पुरस्कृत गर्दै लगिनेछ ।
- निजी तथा गैर सरकारी संस्थाद्धारा संचालित स्वास्थ्य संस्थाहरुको आवश्यक मापदण्ड तयार गरी सोको नियमित अनुगमन गरिनेछ ।
- विद्यालयस्तरमा नियमित रुपमा विद्यार्थीहरुको नियमित स्वास्थ्य परीक्षण गर्न पहल गरिनेछ ।
- महामारीजन्य रोग तथा प्रकोप पश्चात देखिने स्वास्थ्य समस्याको व्यवस्थापन गर्न समुदाय स्तरको क्षमता अभिवृद्धि गर्दै आकस्मिक औषधी तथा सामाग्रीको व्यवस्था गरिनेछ ।
- गाँउपालिकाभित्र दर्ता नगरी एलोप्याथी, होमियोप्याथी तथा आर्युवेदिक औषधी बिक्री वितरण तथा स्वास्थ्य क्लिनिक संचालन गर्ने कार्यलाई निरुत्साहित गर्न सम्बन्धित निकायबाट अनुमती लएर मात्र बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ ।
- सम्भव भए सबै स्वास्थ्य केन्द्रमा नभए कुनै ठाउँलाई केन्द्र मानेर मनोसामाजिक मनोविमर्शकर्ताको व्यवस्थापन का लागि पहल गरिने छ ।
- वैकल्पिक उपचार (योग, ध्यान, प्राकृतिक चिकित्सा, आयुर्वेद) को अध्ययन अनुसन्धान गरी सम्बन्धित क्षेत्रमा लागु गरिनेछ ।
- गाउँपालिकालाई आवश्यक पर्ने एम्वुलेन्सको व्यवस्था गर्न पहल गरिने छ ।
- माईजोगमाई गाउँपालिका बासीहरुलाई स्वास्थ्य क्षेत्रमा सुरक्षित गर्न जनता स्वास्थ्य विमा कार्यक्रम संचालन गरिनेछ ।

## १२. उद्योग, पर्यटन प्रवद्र्धन तथा संस्कृति सम्बन्धी नीतिः

- स्थानीय कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योगको विकास र प्रवद्र्धनमा जोड दिइनेछ ।
- पर्यटक र पर्यटनसँग सम्बन्धित उद्योगधन्दा, होटल, घरबास (Homestay) लगायत सेवाप्रदायक उद्योगहरु स्थापना गर्न प्रोत्साहित गरिनेछ ।
- स्थानीय स्तरमा रहेका सहकारी संस्थाहरुसँग भएको पुँजीलाई उत्पादन मूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।
- गाँउपालिका भित्र रहेका उद्योग वाणिज्य संघ, चेम्बर अफ कमर्श लगायत विभिन्न सरोकारवाला निकाय सँग समन्यव गरी बजारलाई व्यवस्थित र मर्यादित बनाउन सबै पसल, होटल, लजले दैनिक मूल्यसूची उपभोक्ताले सहज रुपमा देख्ने गरी राख्नु पर्ने नीति अबलम्बन गरिनेछ । सामान नै पिच्छे मूल्य फरक पर्ने सामाग्रीहरुमा प्रत्येक सामानमा मूल्य ट्याग लगाउनु पर्नेछ ।
- गाँउपालिका अन्तर्गत मातहतमा रहेका सबै धार्मिक स्थलहरुको उचित संरक्षण र सम्बद्र्धन गरिनेछ ।
- प्रचलित कानुन बमोजिम स्वीकृति नलिएका, दर्ता नभएका व्यवसायहरुलाई अनिवार्य रुपमा दर्ता गराउन प्रेरित गराईनेछ।
- माईबेनी–शुक्रबारे–नयाँबजार–थुम्के–जौबारी–तुम्लिङ–मेग्मासम्म जोड्ने गरी धार्मिक पर्यटकीय पदमार्ग तथा कञ्चनजंघा बेसक्याम्प बैकल्पिक मार्ग साथै बुद्ध सर्किटको रुपमा विकास गरिनेछ ।
- गाँउपालिका भित्र रहेको राष्ट्रिय, अन्तराष्ट्रिय रुपमा चिनिएको माईबेनी,सात तले झर्ना, उत्तरे पोखरी, थुम्के जौबारी तुम्लिङ मेग्मा आदि क्षेत्रको व्यवस्थित विकास र व्यवस्थापनलाई प्राथमिकतामा राखिने छ ।
- यस गाँउपालिकाभित्र रहेका सबै जातजाती, समुदायको भाषा, कला, संस्कृति, ऐतिहासिक धार्मिक स्थलहरु यस गाउपालिकाको साझा सम्पत्ती भएकोले यिनीहरुको संरक्षण, प्रवद्र्धन र विकासमा समान व्यवहार गर्ने नीति लिइनेछ ।

- साहित्य, कला, संस्कृति, भाषा, भेषभुषा, वाङ्मय लागयतका क्षेत्रको जगेर्नाका लागि गाँउपालिकाको विशेष पहल रहनेछ । र आवश्यकता बमोजिम स्थानिय भाषाको पाठ्यक्रम निर्माणको लागि पहल गरिने छ।
- उद्यमी युवा तथा महिलाहरुलाई उद्योग दर्तामा कानुन बमोजिमको छुट र सफल उद्यमीलाई प्रोत्साहनको व्यवस्था मिलाउने नीति अबलम्बन गरिनेछ।

## १३. सूचना संचार तथा प्रविधि विकास सम्बन्धी नीतिः

- गाँउपालिका भित्रका मुख्य चोक, बजार, धार्मिक पर्यटकीय क्षेत्र तथा सम्वेदनशील स्थलहरुमा सिसिटिभी जडान, निःशुल्क वाइफाइ सेवा विस्तार, सूचना केन्द्रहरुको व्यवस्थित सञ्चालन, नेटवर्किङ्ग विस्तार लगायतका कार्यहरु गरी गाँउपालिकालाई इ–पालिकाको रुपमा विकास गर्ने नीति लिइनेछ ।
- गाउँपालिका तथा गाउँपालिका क्षेत्रमा केवलको प्रयोग गरि अविछिन्न रुपमा इन्टरनेट विस्तार गरिनेछ ।
- विद्युतीय शासन प्रणाली मार्फत गाँउपालिकाका कार्यक्रम तथा सूचनालाई प्रवद्र्धन गर्ने नीति अनुरुप वेबसाइट अध्यावधिक गर्ने तथा सञ्चार माध्यमहरु मार्फत सूचना प्रकाशन गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाँउपालिकाका सवै वडा कार्यालयलाई इन्टरनेटको माध्यमबाट गाँउपालिकाको कार्यालयसँग नेटवर्किङ गरिने छ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुलाई प्रविधिमैत्री बनाउन कम्प्युटर, इन्टरनेट तथा विभिन्न क्षमता विकास सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।

## १४. संस्थागत विकास तथा मानव संसाधन सम्बन्धी नीतिः

- यस गाँउपालिका क्षेत्रलाई सुशासन मैत्री गाउँ बनाउन सुशासनको अनुभूती दिलाउने गरी सेवा तथा कार्यक्रम सञ्चालनको नीति लिइनेछ ।
- गाँउपालिका कार्यालय, वडा कार्यालय र विषयगत शाखा कार्यालयहरुको जनप्रतिनिधी तथा कर्मचारीहरुमा चेन अफ कमाण्ड, सेवाग्राही प्रति उत्तरदायी व्यवहार अवलम्मवन र कर्मचारी आचारसंहिता तथा आन्तरिक व्यवस्थापन नियन्त्रण प्रणालि र कर्मचारि कार्य विवरण निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- कर्मचारीलाई क्षमता विकासका लागि विभिन्न तालिमका कार्यक्रम संचालन गरिने छ ।
- कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन गरी उत्कृष्ट काम गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ ।
- अस्थायी र करारमा कार्य गरिरहेका कर्मचारीहरुलाई निवृत्त हुँदा खाली हात नपठाउने नीति लिइने छ ।
- कर्मचारीहरुलाई कामको प्रकृति, कार्य सम्पादन र कार्यबोझको आधारमा प्रोत्साहन गरिने छ ।
- बैदेशिक रोजगारीबाट घर फिरेका र पुनःनजाने सोच बनाएकाहरुलाई व्यावसायिक कृषि उद्यम संचालन गर्न उद्यमशिलता तालिम र लागत साझेदारीमा व्यवसाय संचालनमा जोड दिने व्यवस्था गरिनेछ ।

## १५. अन्य पूर्वाधार नीति :

- गाँउपालिका भित्रका पूर्वाधार निर्माण गर्दा वडास्तरीय, गाँउपालिकास्तरीय र प्रान्त र संघ स्तरीय योजना गरी ३ तहमा वर्गिकरण गरी कार्यान्वयन गरिनेछ ।
- प्रत्येक वडामा अपाङ्गमैत्री सडक, भवन, बालमैत्री पार्क, स्मृती पार्क, पिकनिक स्पट, चौतारो, पोखरी, खेलमैदान, पुस्तकालय, संग्रहालय, योगकेन्द्र आदि स्थापना गर्दै लगिनेछ ।
- नापी कार्यालयको सहकार्यमा गाँउपालिकाभित्र बनेका लगतकट्टा गर्न बाँकी रहेका सडकहरुको लगतकट्टा गरी सार्वजनिक सडकमा रुपान्तरण गरिनेछ ।

## १६. राजस्व परिचालन सम्बन्धी नीतिः

- गाँउपालिकाको आन्तरिक आय सबल बनाउन राजस्वमा सुधार गर्न राजश्वको दायरा फराकिलो बनाई कर असुलीलाई प्रभावकारी बनाईने तथा राजश्वका सम्भावित क्षेत्रहरुको पहिचान गरिनेछ ।
- राज्वश्व चुहावटलाइ रोक्न, राजश्व संकलनको लक्ष्यलाइ वृद्धि गर्न सम्पूर्ण कर संकलनलाई सफ्टवेयरप्रणालीमा लगिनेछ ।
- करदातालई कर तिर्न सहज बनाउनको लागि अन्लाईन मार्फत घर बसि बसि खल्ति,इसेवा लगायतका सिस्टमलाई लागु गरिनेछ ।
- फोहोरमैला व्यवस्थापन वापत प्रत्येक घरधुरी, संघसंस्था, कार्यालय र व्यापारिक व्यवसायलाई फोहोरमैला शुल्क लगाउने नीति अवलम्वन गरिने छ ।

- गाँउपालिकाले विभिन्न क्षेत्रबाट प्राप्त गर्ने कर, शुल्क तथा दस्तुरलाई प्रभावकारी रुपले संचालन गर्नका लागि सम्बन्धित सरोकारवाला निकायसँग सहकार्य गरिनेछ ।
- गाँउपालिकाले उत्पादनमूलक क्षेत्रमा लगानी (पार्किङ स्थल, शौचालय, घरटहरा बधशाला निर्माण गरी भाडामा दिने) गरी आयस्रोत बढाउने कार्य गरिनेछ ।
- लेखा परिक्षणबाट औल्याइएका सुझाबहरुलाई आगामी दिनहरुमा कार्यान्वियन गर्दै बक्यौता, बेरुजु एवं पेश्की फर्छ्यौट गर्ने कार्यलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

**१७. सम्बन्ध सहकार्य तथा साझेदारी नीतिः**

- माईजोगमाई गाँउपालिकालाई विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय नगरहरु तथा संघ संस्थाहरुसँग भगिनी सम्बन्ध कायम गर्ने नीति अबलम्बन गरिनेछ ।
- गाँउपालिका क्षेत्रभित्र उच्च शिक्षा सञ्चालन गर्ने विश्वविद्यालय, तालिम केन्द्र जस्ता प्राज्ञिक संस्थाहरु तथा निकायहरुसँग सहकार्य गर्ने नीति अघि सारिनेछ ।

**१८. सामाजिक परिचालन तथा सामाजिक सशक्तिकरण नीतिः**

- सामाजिक परिचालनको माध्यमबाट सामाजिक, आर्थिक रुपले पछि परेका समुदायहरुको सशक्तीकरण गरी विकासको मूल प्रवाहमा समाहित गर्ने नीति अवलम्बन गरिनेछ ।
- सामाजिक पुनःस्थापना तथा वैदेशिक रोजगारीमा जानेलाई परामर्श सेवा तथा स्वरोजगारीका लागि उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गर्ने सामाजिक संघ सस्थालाई प्राथमिकता प्रदान गरी परामर्श कक्ष कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।

**१९. महिला सम्बन्धी नीतिः**

- महिलाहरुको आर्थिक, सामाजिक, सांस्कृतिक परिवर्तनका लागि योजना तथा कार्यक्रमहरु संचालन गर्दै लैजाने नीति अवलम्बन गरिनेछ ।
- महिलाहरुलाई स्वरोजगार र आत्मसम्मानित बनाउनका लागि महिलाहरुको नाममा दर्ता हुने उद्योग व्यवसायमा ५० प्रतिशत शुल्क छुट गरिनेछ ।
- महिलाहरुलाई व्यवसायिक बनाउन सबै वडामा उद्यमशिलता तालिम सञ्चालन गर्ने गराउने नीति अबलम्बन गरिनेछ ।
- एकल महिला, दलित महिलाहरुलाई लक्षित विविध कार्यक्रम कार्यन्वयन गरिनेछ । साथै मनोसामाजिक परामर्श सहयोग कार्यक्रम संचालनको लागि समन्वय गरिने छ ।
- महिलाहरुमा हुने वा हुनसक्ने स्वास्थ्य समस्याको जटिलताका आधारमा क्रमशः स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।
- गम्भीर प्रकृतिका रोग लागेका र हिंसामा परेका महिलाहरुको लागि सुविधा तथा राहत उपलब्ध गराउन पहल गरिनेछ ।

**२०. बालबालिका सम्बन्धी नीतिः**

- बालबालिकाहरुलाई भविष्यको कर्णधारको रुपमा मात्र हैन वर्तमानमा विकासको साझेदारको रुपमा लिइनेछ । बालबालिकाहरुसँग सम्बन्धित विषयको नीति कार्यक्रम बनाउदा बालबालिकाहरुको संस्थागत सहभागिता गर्ने गराउने नीति अवलम्बलन गरिनेछ ।
- बालमैत्री स्थानीय शासन रणनीति २०६८ ले बालमैत्री स्थानीय शासनका लागि तोकेको ३९ वटा सूचकहरुलाई न्यूनतम सूचक मानि सो सूचकहरु पूरा गर्नका लागि आवश्यक पहल गरिनेछ ।
- बालबालिकामा पर्नसक्ने मनोसामाजिक असर प्रभावलाई कम गर्न सामुदायिक विद्यालयका बालमैत्री कक्षा, शिक्षक र बालविकास केन्द्रको सहयोगी शिक्षिकालाई सामाजिक स्वास्थ्य सम्बन्धी तालिम सञ्चालन गर्ने नीति लिइनेछ ।
- भिन्न क्षमता भएका बालबालिकाहरुको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**२१. आदिवासी जनजाती, दलित, अपाङ तथा जेष्ठ नागरिक सम्बन्धी नीतिः**

- आदिवासी जनजातिहरुको संविधान प्रदत्त अधिकारलाई सुनिश्चित गर्दै आर्थिक, सामाजिक एवं सांस्कृतिक विकासका साथै भाषा, संस्कृति, परम्परा र पूर्खौली सीपको संरक्षण तथा प्रवर्द्धन गर्ने नीति रहनेछ ।
- जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन २०६८ को प्रभावकारी कार्यान्वयनमा जोड दिइने छ ।

- दलित समुदायका परम्परागत पेशा, कला र सीप संरक्षण सम्बद्र्धन गर्दै तिनको क्रमशः आधुनिकीकरण र व्यवसायीकरण गर्ने नीति अवलम्बन गरिने छ ।
- दलित वर्गको जीवनयापन सहज बनाउने, सचेतना तथा सीप विकास जस्ता कार्यक्रम सञ्चालन गर्ने गराउने नीति रहने छ ।
- अपाङ्गहरुको चौतर्फी विकास गर्न अपाङ्ग लक्षित कार्यक्रम सञ्चालन गर्ने नीति रहनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको सीप र कलाको विकासमा उच्च प्राथमिकता दिईने छ ।
- गाँउपालिकाभित्र रहेका जेष्ठ नागरिकहरुलाई सम्मान गर्दै वहाँहरुसँग भएको ज्ञान तथा अनुभव नयाँ पुस्तालाई हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- जेष्ठ नागरिकहरुको स्वास्थ्य जटिलतालाई ध्यानमा राखी स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- जेष्ठ नागरिक परिचयपत्र सहज रुपमा उपलब्ध गराउने प्रबन्ध मिलाइने छ ।
- विपन्न, महिला, दलित स्वरोजगारीका लागि उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गर्ने सामाजिक संघ सस्थालाई प्राथमिकता प्रदान गरी परामर्श कक्ष कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।
- विपन्न, महिला, दलित, अपाङ्ग समुदायका जोखिममा परेका व्यक्तिहरुका लागि शुरक्षण व्यवस्था र  न्यायिक सहयोगका लागि समन्वय गरिनेछ।

## २२. गैर सरकारी संस्था सम्वन्धी नीति :

- एकद्धार प्रणाली मार्फत गाँउपालिकाको नीति कार्यक्रममा सहयोग पुर्याउने खालका कार्यक्रम सञ्चालन गर्ने गैरसरकारी संस्थालाई मात्र स्वीकृति दिने नीति अवलम्बन गरिनेछ ।
- गैर सरकारी संस्था नियमन सम्बन्धी कानून निर्माण गरिनेछ ।
- गाँउपालिका भित्र सक्रिय रुपमा सञ्चालनमा रहेका सहकारी लगाएतका संघ संस्थाहरुलाई गाँउपालिकामा स्थापित गर्न सहजिकरण गरिने छ ।

## २३. अन्य नीति :

- गाँउपालिका भित्र शान्ति सुरक्षा कायम गर्ने नीति अबलम्बन गरिनेछ ।
- कृषि , पर्यटन , होटल,  पशुपालन तथा वागबानी पेशालाई मर्यादित र  व्यसायिक  बनाउन र नयाँ उत्पादन साथै  सम्बन्ध विकास गर्न युवाहरुलाई उद्यमशीलता तालिम र कृषि पेशामा आधारित कृषि समुह निर्माण गरी किसान परिचय पत्रको व्यावस्थापनामा सहयोग गर्ने नीति अवलम्बन गरिने छ ।
- यस गाउँपालिकालाई पुर्ण प्रविधि मैत्री गाउँपालिका बनाइनेछ ।
- द्धन्द्ध पिडितहरुलाई सुरक्षण गर्न उचित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।